nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

32°C । वर्ष : १०, अंक : ३३४ पृष्ठ ४ । मंगलबार,३१ असार २०८२ । TUESDAY, JUNY 15, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पानीको संकटले ब्याकुल वीरगन्जबासीको घरदैलोमा संगै पुगे मन्त्रीद्वय यादव र चौरसिया

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० असार ।***

वीरगन्जमा चापाकलहरु सुकेर खानेपानीको संकट बढ्दे गएका बेला पर्साबाट संघ सरकारमा प्रतिनिधित्व गरेका दुई मन्त्रीहरुले काठमाडौंबाट वीरगन्जमै आएर संयुक्त रुपमा महानगरका विभिन्न वडामा अनुगमन गरेका छन् ।खानेपानी मन्त्री प्रदीप यादव र कानुनमन्त्री अजय चौरसियाले सोमबार वीरगन्ज महानगरका विभिन्न वडाहरुमा संगसैगै अनुगमन गर्दै पानीको संकटको अवस्था र त्यसले स्थानीयको जनजीवनमा पारेको असरबारे वडाका जनप्रतिनिधी र स्थानीयसंग भेटेर छलफलपनि गरेका छन् । यादव , पर्सा क्षेत्र नम्बर १ का चौरुसिया पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य (सांसद) पनि हुन् ।दुवै मन्त्रीहरुले वडामा अनुगमन गर्ने क्रममा प्रदेशसभा सदस्य श्याम पटेलपनि सहभागी थिए ।



मन्त्रीद्वय यादव र चौरिसिया सोमबार वीरगन्ज महानगरपालिका वडा नम्बर ६ , वडा नम्बर ९ , वडा नम्बर १० का विभिन्न टोलमा पुगेका थिए । पानीको संकटले विपत्तिमा परेका पीडित नागरिकहरूप्रति सहानुभूति प्रकट गर्दै वीरगन्जबासीको खानेपानीको समस्या समाधान गर्न आफु र कानुमन्त्री चौरसिया वीरगन्जका विभिन्न प्रभावित वडाका घर-घरमा पुगेर स्थलगत निरीक्षण गरिरहेको मन्त्री यादवले जानकारी दिए ।

मन्त्री यादवले जलवायु परिवर्तनका कारण परेको खडेरीले पर्सा, बारा, रौतहटलगायत मधेसका जिल्लामा चापाकल सुकेर खानेपानीको संकट सृजना भई जनजीवन प्रभावित भएको भन्दै सबैको सहयोग र समन्वयबाट समस्या समाधान गर्न सकिने बताए । 'अहिलेको यो प्राकृतिक विपत्तिमा पीडित नागरिकसँग सहानुभूति राख्दै आँफुले कानुनमन्त्री चौरसियासंगै वीरगन्जका विभिन्न प्रभावित क्षेत्रहरूको स्थलगत अनुगमन गर्यौं', यादवले भने,' अनुगमनका क्रममा पिडित जनताहरुको दु:ख पिडा सुन्यौ, समस्या समाधानका लागि आफ्नो मन्त्रालयले महानगरपालिकासंग समन्वय गरेर काम गरिरहेको जनतालाई जानकारीपनि गरयौं ।'

यस्तै कानुनमन्त्री चौरसियालेपनि पानीको संकटले पिडित आफ्नो निर्वाचन क्षेत्रका जनताको घरदैलोमै पुगेर उनिहरुको समस्या र पिडा बुझ्ने काम गरेको बतााए । पानीको संकटले वीरगन्जका नागरिक आकुल व्याकुल भइरहेको भन्दै उनले खाानेपानी मन्त्राललय र खानेपानी मन्त्री यादवसंग समन्वय गरेर आँफुपनि लागि परेको चौर

बाँकी तेश्रो पृष्ठमा⇨

## जिराभवानीमा भीषण आगलागी तीन घर जलेर नष्ट

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० असार ।***

पर्सा जिल्लाको जिराभवानी गाउँपालिका-१, बलुवा टोलमा गएराति भएको भीषण आगलागीमा तीन घर पूर्णरूपमा जलेर नष्ट भएका छन् । राति करिब ११ बजेको समयमा स्थानीय शेशनाथ मुखिया बिनको घरमा लामखुट्टे धपाउन बालिएको धूपबाट सल्किएको आगोले छिमेकी जितेन्द्र मुखिया बिन र सनोज मुखिया बिनका घरहरू समेत दन्किँदा ठूलो क्षति पुगेको हो । प्रहरी चौकी महादेवपट्टिका प्रहरी सहायक निरीक्षक अवधलाल साहका अनुसार आगलागीमा फुसको घरमा रहेको अन्नपात, लत्ताकपडा, भाँडाकुडा, गरगहना तथा शेशनाथ मुखियाको किराना पसलसमेत पूर्ण रूपमा नष्ट भएको छ । मानवीय क्षति नभए पनि आर्थिक रूपमा ठूलो क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ । आगो लागेपछि स्थानीय बासिन्दा, नेपाल प्रहरी र सशस्त्र प्रहरीले तत्कालै उद्धार तथा नियन्त्रण कार्यमा खटिएर राति करिब १:३० बजे आगो पूर्ण रूपमा नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिए । यसैबीच, आगलागीबाट प्रभावित परिवारहरूको अवस्था बुझ्न जिराभवानी गाउँपालिकाका पूर्व वडा अध्यक्ष शेख नुमान आजम बिहानै पीडित परिवारहरूको घरमै पुगेका

बाँकी तेश्रो पृष्ठमा⇨

## प्रतिपक्षी बहिष्कारका बीच मधेश सरकारको बजेट पारित

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० असार ।***

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि ल्याएको बजेट प्रतिपक्षी दलको अनुपस्थितिमा प्रदेशसभाबाट पारित गरिएको छ । सोमबार प्रमुख प्रतिपक्ष जनता समाजवादी पार्टी (जसपा) नेपालसहित ६ दलका सांसदको बहिष्कारका बीच बजेट सर्वसम्मतिले पारित गरिएको हो । सरकारले आवश्यक संसदीय प्रक्रिया र छलफलबिना फास्ट ट्र्याकबाट विनियोजन ऐन २०८२ पारित गराएको हो । बजेट साउन १ गतेदेखि लागू हुनेछ । मधेश प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले असार १ गते प्रदेशसभामा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट प्रस्तुत गरेका थिए । तर बजेट सार्वजनिक भएपछि विपक्षी दलले संसद् छलिएको र बिचौलियाको प्रभावमा बजेट बनाइएको आरोप लगाउँदै आएका थिए । बजेट प्रक्रियामा देखिएको अनियमितताामध्ये एउटा प्रमुख मुद्दा 'रेडबुक' सम्बन्धी रहेको छ । सरकारले संसद्मा प्रस्तुत गरेको ४६१ पृष्ठको रेडबुक सांसदहरूलाई वितरण गरिएको थियो, तर सूचना प्रणालीमा रहेको रेडबुक भने ७५५ पृष्ठको रहेको देखिएको छ । प्रतिपक्षले यसलाई गम्भीर विसङ्गति भन्दै बजेट खारेजको माग गरेको थियो । बजेटको त्रुटि सच्याउन




बाँकी तेश्रो पृष्ठमा⇨

## जगरनाथपुर गाउँपालिकालाई वन संरक्षणमा उत्कृष्टता पुरस्कार

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० असार ।***

जगरनाथपुर गाउँपालिकाले वन संरक्षण तथा वातावरणीय कार्यान्वयनमा उत्कृष्टता प्रदर्शन गरेबापत नगद पुरस्कार प्राप्त गरेको छ । उक्त पुरस्कार वन तथा वातावरण मन्त्रालयअन्तर्गत रेड कार्यान्वयन केन्द्र, बबरमहलबाट प्रदान गरिएको हो ।

२०७८ असार १५ मा सम्पन्न निर्णयअनुसार जगरनाथपुर गाउँपालिकाले वन क्षेत्र संरक्षण र दिगो व्यवस्थापनमा गरेको उत्कृष्ट कार्यलाई उच्च मूल्याङ्कन गर्दै पहिलो पुरस्कार स्वरूप १ लाख २५ हजार रुपैयाँ प्रदान गरिएको हो । सो रकमको २५ प्रतिशत कर कट्टा गरी ९३ हजार ७५० रुपैयाँ बराबरको चेक नेपाल राष्ट्र बैंकको चेक नं. १००६८४४४३५२ मार्फत गाउँपालिकालाई हस्तान्तरण गरिएको छ । रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा सहसचिव नवराज पुडासैनीद्वारा हस्ताक्षरित पत्रमा उक्त रकम तत्काल गाउँपालिकाको खातामा जम्मा गरी जानकारी पठाउन अनुरोध गरिएको छ । यस पुरस्कारले जगरनाथपुर गाउँपालिकाले वन संरक्षण र वातावरणमैत्री योजनाहरूमा देखाएको प्रतिबद्धता र कार्यक्षमताको राष्ट्रियस्तरमा प्रशंसा भएको प्रष्ट भएको छ । गाउँपालिकाले आगामी दिनमा पनि यस्ता गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।




## मधेशका तीन जिल्लामा १ सय १३ पसलमा अनुगमन



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० असार ।***

औषधि व्यवस्था विभाग, पर्साको टोलीले गत असार २४ गतेदेखि २६ गतेसम्म मधेश प्रदेशका तीन जिल्ला (बारा, सर्लाही र महोत्तरी) मा गरेको औषधि पसल अनुगमनले डरलाग्दो अवस्था उजागर गरेको छ । विभागले कुल १ सय १३ वटा औषधि पसलको अनुगमन गर्दा त्यसमध्ये ८२ वटा पसलमा विभिन्न कैफियत भेटिएको जनाएको छ । कैफियतका कारण १३ वटा औषधि पसललाई बन्द गरिएको छ ।विभागका सूचना अधिकारी ओम जयसवालका अनुसार, अनुगमनका क्रममा १३ वटा पसल बिना दर्ता सञ्चालनमा रहेको, ८ वटा पसलमा विभागमा दर्ता नभएका औषधि बिक्री गरेको, र १२ वटा पसलमा व्यवसायी वा फार्मासिस्ट अनुपस्थित अवस्थामै सञ्चालन भएको पाइएको छ । त्यस्तै, ९ वटा पसलमा लागु तथा मनोद्विपक औषधिको रेकर्ड दुरुस्त नभएको र १५ वटा पसलमा अन्य प्रकारका कैफियत देखिएको छ । अनुगमन टोलीले यस्ता मापदण्डविपरीत सञ्चालनमा रहेका २५ वटा पसललाई सचेत गराएको छ ।जयसवालले अनुगमनका क्रममा आयुर्वेदिक पसलको दर्ता लिई एलोपेथिक औषधि बिक्री गरेको र अस्पतालमा निजी फार्मेसी सञ्चालन गरेको जस्ता मुख्य कमीकमजोरीहरू

बाँकी तेश्रो पृष्ठमा⇨

## कालोमोसो र ज्यान मार्ने प्रयासको आरोपमा प्रहरीमा जाहेरी

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३० असार ।***

जनमत पार्टीका निलम्बित उपाध्यक्ष दीपक साह, कोषाध्यक्ष सुरेन्द्रनारायण यादव र नेता वीरेन्द्र साहले आफूमाथि कालोमोसो छर्की ज्यान मार्ने प्रयास भएको भन्दै पार्टीकै दुई नेताविरुद्ध जिल्ला प्रहरी कार्यालय बारामा सोमबार किटानी जाहेरी दर्ता गराएका छन् । जाहेरीमा उल्लेख भएअनुसार, गत असार २९ गते बिहान ११ बजे बाराको महागढिमाई नगरपालिका-३ दहियार स्थित घटनास्थलमा जनमत पार्टीकै नेता विकासकुमार सिंह र रामबाबु साहले आफूहरूलाई लक्षित गरी कालोमोसो छर्केका थिए । पीडित नेताहरूले उजुरीमा विकासकुमार र रामबाबुसँगै अन्य १०-१२ जना अज्ञात व्यक्तिहरू मिलेर योजनाबद्ध रूपमा आफूहरू चढेको गाडी रोकी पेट्रोलियम पदार्थ छर्की आगो लगाउने प्रयास गरेको गम्भीर आरोप लगाएका छन् ।



निलम्बित उपाध्यक्ष दीपक साहले विकासकुमार र रामबाबु पार्टी अध्यक्ष डा. सीके राउतका 'खास मान्छे' भएको दाबी गर्दै डा. सीके राउतकै इशारामा आफूहरूमाथि हमला भएको आरोप लगाएका छन् । जाहेरीपत्रमा भनिएको छ, ' हामी जाहेरवाला र डा. सि.के. राउतबीच रहेको व्यक्तिगत रिसईबी साधन गर्न डा. सि.के. राउतका समर्थक भनिएका विपक्षीहरूले हामी चढेको गाडीको सिसा खोल्न लगाई शरीरमा पेट्रोलियम पदार्थ छर्की आगो लगाउने उद्देश्यले सलाई तथा लाइटर समेत तयारी अवस्थामा राखेका थिए । तर हामी गाडी स्टार्ट गरी घटनास्थलबाट भाग्न सफल भएकाले ज्यान जोगिएको हो ।' प्रहरीसमक्ष दायर उजुरीमा यो घटना योजनाबद्ध र राजनीतिक प्रतिशोध स्वरूप गरिएको दाबी गरिएको छ । उजुरी दिने नेताहरूले आफूहरू पूर्व उपाध्यक्ष, कोषाध्यक्ष तथा पार्टीका प्रभावशाली कार्यकर्ता भएका कारण लक्षित आक्रमण भएको स्पष्ट पारेका छन् । यो घटनाले जनमत पार्टीभित्रको आन्तरिक कलह पूर्ण रूपमा सतहमा आएको छ । जाहेरीमा पार्टी अध्यक्ष डा. सीके राउतले आफ्नो फेसबुकमार्फत 'थ्रेट' दिएको भोलिपल्टै यो आक्रमण भएको दाबी गरिएको छ । यस घटनाको पार्टीभित्रै पनि विरोध भइरहेको छ ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## नियत सुधार

सरकारले सार्वजनिक पद धारण गरेका व्यक्तिलाई सुशासन र पारदर्शिताप्रति थप जिम्मेवार बनाउनेगरी ऐन बनाउन लागेको छ । यस निम्ति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वार्थको द्वन्द्व व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयार पारेको छ । यो विधेयक ऐनमा रुपान्तरित भए राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै तहका अदालतका न्यायाधीशहरू, सांसदहरू, मुख्यमन्त्री, मन्त्री, संवैधानिक निकायका पदाधिकारी, स्थानीय तहका पदाधिकारी र सरकारी कर्मचारीहरू सम्पत्ति विवरण सार्वजनिक गर्न बाध्य हुन्छन् । स्वार्थको द्वन्द्व हुने निर्णयमा संलग्न हुन नहुने, व्यक्तिगत रूपमा दान र उपहार लिन नपाउने, पदीय हैसियतमा उपहार लिए सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने, विदेशी र सरकारी तथा गैरसरकारी संस्थाका व्यक्तिहरूसँग अनधिकृत भेटघाट गर्न नहुने प्रावधान प्रस्तावित विधेयकमा छ ।

यस्तो प्रकारको ऐन एकदमै सकारात्मक छ र सार्वजनिक पद धारण गरेका प्रत्येक व्यक्तिबाट खोजिने निष्पक्षताको प्रमाण पनि हो । तर, के यी नैतिकतासँग समेत जोडिएका विषय कानुन नभएकै कारणले लागू नभएका हुन् त ? पक्कै होइन । भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले नियुक्ति पाएको, निर्वाचित भएको वा मनोनयन भएको ६० दिनभित्र सम्पत्ति विवरण सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने हुन्छ । यसअनुसार बुझाएको सम्पत्ति विवरण विगतमा प्रधानमन्त्री र मन्त्रीहरूले सार्वजनिक समेत गर्दथे । तर, वर्तमान सरकार गठन भएको एक वर्ष हुँदासमेत प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छैन । उल्टै प्रधानमन्त्री आफ्नै नेतृत्वमा सुशासन आयोग गठन गरेर अगाडि बढेका छन् । यो आफैंमा विरोधाभाषपूर्ण व्यवहार हो । अर्कोतर्फ निजी स्वार्थ बाभिने विषयमाथिको छलफल र निर्णय प्रक्रियामा सार्वजनिक पद धारण गरेका व्यक्ति रहन वा संलग्न हुन हुँदैन भन्ने विषय पनि प्रचलित ऐनमा छ । सांसदहरूका लागि प्रतिनिधि सभा नियमावली र राष्ट्रिय सभा नियमावली छ । प्रधानन्यायाधीश र न्यायाधीशका लागि न्यायपरिषद् ऐन छ । कर्मचारीका लागि निजामती ऐन छ । अन्य सार्वजनिक पद धारण गरेका व्यक्तिका लागि पनि सम्बन्धित क्षेत्रका ऐनले निजी स्वार्थ बाभिने विषयमाथिको छलफल र निर्णय प्रक्रियामा संलग्न नहुन भनेको छ । यसको कार्यान्वयन किन भइराखेको छैन ? सहज जवाफ मिल्छ- प्रचलित ऐनले बाध्यकारी बनाएको छैन । तर, प्रस्तावित विधेयकमार्फत बाध्यकारी बनाइँदैछ ।

# स्थिर सत्ता, अस्थिर राजनीति

**राजाराम गौतम**

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकारले मंगलबार (असार ३१) एक वर्ष पूरा गर्दै छ । सरकारको आयु एक वर्ष पुग्दै गर्दा ओली अलिक बढी नै ढुक्क देखिन्छन् । भन्दै छन्, 'सरकार ढल्छ भनेर कराउनेहरू कराउँदै गर्छन्, गठबन्धन चुनावसम्मै जान्छ ।' तीन साताअघि उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लियो । नागरिक उन्मुक्ति पार्टी (नाउपा) ले पनि एक साताअघि समर्थन फिर्ता लिएको छ । सत्तारूढ कांग्रेस पार्टीमा गठबन्धन सरकारप्रति तीव्र असन्तुष्टि छ । ओली सरकारको रवैया र कार्यशैलीलाई लिएर हालै सम्पन्न कांग्रेस केन्द्रीय समिति बैठकमा व्यापक प्रश्नहरू उठे । एमालेमा स्वयं ओली प्रश्नको घेरामा छन् । अब उनी एमालेमा निर्विकल्प नेता रहेनन् । भित्रैभित्रै उनीविरुद्ध सल्किरहेको असन्तुष्टि सतहमा देखिएको छ । अन्तर्राष्ट्रिय शक्ति स्वार्थहरू पनि ओलीको 'फेभर' मा छैनन् भनिन्छ । यी अनेक प्रतिकूलताका बीच ओलीले गठबन्धन सरकारको एकवर्षे कार्यकाल पूरा गरेका छन् । र, अर्को एक वर्ष निरन्तरता पाउनेमा 'ढुक्क' छन् । थुप्रै प्रतिकूलताका बीच उनी निश्चिन्त रहन सक्नुको एउटै कारण हो, अनुकूल सत्ता साझेदार अर्थात् कांग्रेस सभापति शेरबहादुर देउवा । देउवा ओली सरकारका बलियो टेको हुन् । ओलीले आगामी चुनावसम्मै गठबन्धन जान्छ भन्नुअघि नै देउवाले यो संयुक्त सरकारले पूरा कार्यकाल शासन गर्ने बताइसकेका छन् । दुई ठूला पार्टीका शीर्ष नेताबीचको स्वार्थ र साझेदारी मिल्दासम्म ओलीले भनेजस्तै गठबन्धन सरकार तलमाथि नहोला । दुवै पार्टीभित्र सरकार र पार्टी नेतृत्वलाई लिएर असन्तुष्टिहरू व्यक्त भए पनि त्यो सरकार फेर्ने तहसम्म जान सक्ने हैसियतमा छैन । तर, के अंकगणित र प्राविधिक हिसाबले सरकार जीवित रहिरहनु नै उपलब्धि हो त ? सरकार छ भन्ने अनुभूति जनताले गर्नु पर्दैन ? गठबन्धनका कतिपय नेताहरू सरकार एक वर्ष टिक्नुलाई राजनीतिक स्थिरता भएको दाबी गर्छन् । यद्यपि यो राजनीतिक



स्थिरता हो कि केवल सत्ता स्थिरता ? गठबन्धन सरकारले राजनीतिक औचित्य कति स्थापित गर्न सकेको छ ? कति छैन ? कार्यकाल एक वर्ष पुग्दै गर्दा यी प्रश्नको कसीमा समीक्षा आवश्यक छ ।

**सातबुँदे कि एकबुँदे ?**

सरकारको राजनीतिक औचित्य खोज्न दुई दलका शीर्ष नेताबीच भएको सातबुँदे समझदारीको पोको खोल्नुपर्ने हुन्छ । सातबुँदे सहमतिको मुख्य स्पिरिट थियो, राष्ट्रिय सहमतिको सरकार गठन । अर्थात् सदनमा भएका सबै पार्टीलाई मिलाएर राष्ट्रिय सहमतिको सरकार बनाउने अनि सहमतिकै आधारमा संविधान संशोधन गर्ने । कांग्रेसको हालै भएको केन्द्रीय समितिको बैठकले संविधान संशोधनका लागि कार्यदल बनाउने निर्णय गरेको छ । तर, यो मुद्दाले त्यतिबेलै हावा खाइसकेको हो, जुनबेला ओलीले संविधान संशोधन २०८७ सालमा हुन्छ भन्ने अभिव्यक्ति दिए ।

संविधान संशोधनको मुद्दालाई सदनका दुई ठूला दल कांग्रेस र एमालेले राजनीतिक आवरण बनाएका थिए, भित्री अन्तर्य सत्ताको भागबन्डा मात्रै थियो । एक वर्षमा संविधान कार्यान्वयनका क्रममा देखिएका कमजोरी या उपलब्धिबारे कुनै समीक्षा नगर्नु, निर्वाचन प्रणालीलगायत राजनीतिक अस्थिरताका कारक पहिल्याउनेतिर नलाग्नुले संविधान संशोधनको मुद्दामा गठबन्धनको खासै रुचि नभएको प्रस्टै हुन्छ । राष्ट्रिय सहमतिको सरकार गठनको त यो गठबन्धनले प्रयत्न नै गरेन । अब त सरकारमा सहभागी साना दल पनि बाहिरिन थालेका छन् । ओली यतिबेला एउटै बुँदामा केन्द्रित छन् । त्यो हो, सत्ता भागबन्डाको मुद्दा । उनी बारम्बार आफ्नो दुई वर्ष सकिएपछि देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने कुरा गर्छन् । व्यवहारमा के हुन्छ, त्यो हेर्न अझै एक वर्ष कुर्नुपर्नेछ । यद्यपि, ओलीले सातबुँदे समझदारीको चौथो बुँदामा उल्लेख भएअनुसार, देउवालाई सरकारको नेतृत्व हस्तान्तरण गर्न आफू प्रतिबद्ध रहेको कुरा दर्जनौं पटक दोहोऱ्याएका छन् ।

**सुशासन : देखाउने दाँत**

गठबन्धन सरकारले उच्च प्राथमिकतामा राखेको अर्को मुद्दा थियो, मुलुकमा सुशासन कायम गर्ने । चौथो पटक प्रधानमन्त्री भएकै दिनदेखि ओलीले निरन्तर आफूलाई सुशासनको पहरेदारका रूपमा पेस गरे । उनले बारम्बार दोहोऱ्याए, 'भ्रष्टाचार गर्दिनँ, हुन पनि दिन्नँ ।' तर, उनको बचन र व्यवहारबीच कुनै तालमेल देखिएन । सरकारका मन्त्रीहरू नै वित्तीय विवाद र अपारदर्शिताको घेरामा छन् । स्वयं प्रधानमन्त्रीलगायतका सरकारका मन्त्री, सत्तारूढ गठबन्धनका नेतालगायत अन्य पार्टीको नेतृत्वमाथि भ्रष्टाचारका थुप्रै आरोप लागेका छन् । भ्रष्टाचार बढेको मात्रै होइन, यो संस्थागत नै भइसकेको छ । एकाध कारबाहीको दायरामा छन् यद्यपि अझै कतिपय राजनीतिक प्रतिशोध भयो भन्ने आरोप पनि सुनिन्छ । एकथरी आरोपितले राजनीतिक संरक्षण पाउने र सत्ताइतरकाहरू माथि सेटिङका आधारमा अनुसन्धान र अभियोजन गर्ने काम भइरहेको भनेर प्रश्नहरू पनि उठेका छन् । जसको सरकारले उचित जवाफ दिन सकेको छैन । प्रमुख दलका अधिकांश नेताहरूले सार्वजनिक खपतका लागि उच्चस्तरीय शक्तिशाली सम्पत्ति जाँचबुझ आयोग बनाउनुपर्ने आवाज उठाए । तर, ओलीले आफ्नै नेतृत्वमा उच्चस्तरीय सुशासन आयोग बनाए । आर्थिक अनियमितता र भ्रष्टाचारको मुख्य कारण हो, अपारदर्शिता । जवाफदेहिता, पारदर्शिता जस्ता कुरा लोकतान्त्रिक सरकारका मुख्य विशेषता हुनुपर्ने तर सरकार तिनमै चुक्ने गरेको छ । प्रधानमन्त्रीदेखि मन्त्रीहरूसम्मका सम्पत्ति विवरण सार्वजनिक एक वर्षसम्म नहुनुले सरकारको सुशासन कायम गर्ने प्रतिबद्धतालाई गिज्याइरहेको छ । भ्रष्टाचार नियन्त्रण गर्न बनाइएका संयन्त्रहरू सम्पत्ति शुद्धीकरण, राजस्व अनुसन्धान, सतर्कता केन्द्र, अख्तियार जस्ता निकायहरू सत्ता अभीष्टका लागि काम गर्ने संस्था हुन् भन्ने मनोविज्ञान आमवृत्तमा छ । सरकारले न त्यसलाई चिर्न सकेको छ, न त सुशासन आयोग गठन गरेर नयाँ आशा नै जगाउन सकेको छ । बरु, भएका संस्था र संरचनाहरूकै कार्यक्षेत्र मिच्ने, दोहोरोपन हुने जोखिम छ । सुशासनको नारा ओली सरकारको देखाउने दाँत मात्रै सिद्ध भएको छ ।

**कमजोर कूटनीति**

ओली सरकारको अर्को महत्त्वपूर्ण प्राथमिकता थियो, सन्तुलित कूटनीतिका माध्यमबाट छिमेक र अन्य मित्रराष्ट्रसँगको सम्बन्धमा सुधार । त्यसका लागि यसबीच प्रधानमन्त्री र परारष्ट्रमन्त्रीस्तरीय थुप्रै भ्रमण भए पनि ती कूटनीतिक रूपमा उपलब्धिमूलक हुन सकेनन् । हालै स्पेनबाट फर्केपछि ओलीले आफ्नो भ्रमण कूटनीतिक हिसाबले सफल भएको दाबी गरे । जो हरेक प्रधानमन्त्री/मन्त्रीले विदेशबाट फर्केपछि गर्ने औपचारिक टिप्पणी हो । बितेका एक वर्षमा ओली सरकार मुख्यतः दक्षिण छिमेक भारतसँगको सम्बन्ध सुधार्न बढी केन्द्रित देखिए । तर दक्षिण छिमेकले ओलीलाई 'बेवास्ता' नै गऱ्यो । यसबीच ओलीले विभिन्न माध्यममार्फत भारत भ्रमणका लागि अनेक तारतम्य मिलाउन प्रयत्न गरे । यद्यपि, कार्यकालको एक वर्षसम्म पनि भारतले ओलीलाई भ्रमणको निम्तो दिएको छैन । भारतले भ्रमणमा नबोलाएपछि उनी चीनतिर लागे । संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जाँदा ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग संक्षिप्त 'साइडलाइन' वार्ता गरेका

बाँकी तेश्रो पृष्ठमा⇨

# इतिहास-चेत नै नभएको पंक्ति

**विष्णु सापकोटा**

इतिहास प्रायः आँशु र रगतले लेखिन्छ, अन्धकारमा रचिन्छ । तर सोच्नुस् कथम् त्यो आँशु र रगत नबगेको भए ? त्यो मोड नआएको भए ? कान्तिपुरले ल्याएको छ नयाँ बहस शृंखला- 'वैकल्पिक इतिहास,' जसमा हामी सोध्छौं, 'के हुन्थ्यो तब...?'नेपालका केही निर्णायक घटना फरक ढंगले विकसित भएका भए, के आज हामी अलिक खुसी हुन्थ्यौं ? सुखी हुन्थ्यौं ? अथवा यही उपलब्धि प्राप्तिका लागि पनि संघर्ष गरिरहेका हुन्थ्यौं ? पहिलो शृंखलामा हामी फर्किंदै छौं २०५८ सालको दरबार हत्याकाण्डतर्फ- एक यस्तो रात, जसले नेपाली राजनीतिक इतिहासलाई एकैछिनमा कायापलट गरिदियो । राजा, रानी, युवराजदेखि दरबारका धरोहर एकैसाथ ढले, सत्ताको नक्सा फेरियो, सायद त्यसैको जगमा गणतन्त्रको स्तम्भ खडा भयो । तर त्यो हत्याकाण्ड नभएको भए- के हुन्थ्यो ? के राजा वीरेन्द्रले माओवादीसँग वार्ता गरेर देशलाई शान्तिमार्गमा डोऱ्याउन सक्थे ?के उनले पनि ज्ञानेन्द्रले जस्तै शक्ति हत्याएर राजतन्त्रको पतन निम्त्याउने थिए ? के मूलधारका दल र माओवादी भिडेर एक वा अर्काको अस्तित्व नामेट पार्ने थिए ? अनि, के अहिले हामी भ्रष्टाचार र निराशाको सट्टा विकास र सुशासनको जगजगी देखिरहेका हुन्थ्यौं ? हो, हामी इतिहास फेर्न सक्दैनौं । तर सोच्न, बुझ्न, पाठ सिक्न र समृद्धिको मार्ग कोर्न सक्छौं । त्यसैले यस शृंखलामा हामी विश्लेषक, इतिहासकार, साहित्यकार, समाजशास्त्री, विद्यार्थी र आम नागरिकका तर्क समावेश गर्नेछौं । २०४० को मध्य दशकमा हाईस्कुल पढ्दा ९ कक्षा पुगेपछि ऐच्छिक विषय छान्नुपर्थ्यो । क्लासका जान्ने-सुन्ने विद्यार्थीले रोज्ने विषय ऐच्छिक गणित हुन्थ्यो । ठूलो संख्याका, पढेर माथि जाने सम्भावना न्यून भएका कमजोर विद्यार्थीहरू मात्र इतिहास पढ्न पठाइन्थे । त्यति बेला मैले त्यसको अर्थ बुझेको थिइनँ । जब मैले 'बरु राजा नै फर्के हुन्थ्यो' भन्ने केही युवा पंक्तिदेखि गीतकार-कलाकार भेट्छु/सुन्छु वा 'राजतन्त्रका बेला केही त राम्रो थियो' भन्ने वरिष्ठ नागरिकहरूलाई देख्छु, त्यति बेलाको शैक्षिक प्रबन्धको अर्थ बल्ल अहिले आएर केही बुझें कि जस्तो लाग्छ । व्यवस्था त निर्दलीय तानाशाही नै थियो तर त्यसलाई टिकाउन चतुर राजा महेन्द्र र त्यसैको सिको गर्दै वीरेन्द्रले दुई-चार जना विज्ञलाई नीति-निर्माणमा लगाएका थिए । सायद ती विज्ञलाई त्यति बेलै थाहा थियो कि एक त नेपालको इतिहास 'ब्रिलियन्ट' विद्यार्थीलाई पढाउन लायक नै छैन । या त्यस्तो तप्काले इतिहास साँच्चै बुझ्यो भने त्यो उनीहरूको व्यवस्थाको हितमा हुने छैन । हुन पनि, संसारका धेरैतिर शैक्षिक जागरण, औद्योगिकीकरण र आधुनिकीकरण भएका साढे दुई सय वर्षको इतिहासको महत्त्वपूर्ण अन्तरालमा नेपालमा कुन त्यस्तो खण्ड छ जसमा नेपाल राजकीय रूपमा अन्य राष्ट्रका लागि उदाहरण बन्न सकेको थियो ? संसारभर अहिले देखिने राष्ट्रहरू बनेको, अघि बढेको यही कालखण्डमा न हो जति बेला नेपालमा 'सुनौलो शाहवंशीय शासन' थियो । **नेपाली बौद्धिक इतिहासको औकात** राजनीतिक अव्यवस्थापनले सिर्जना गरेको निराशाबीच खेलेर कतै केही गर्न सकी पो हालिन्छ कि भनेर राजावादीहरूले बेला-कुबेला गर्ने ' आन्दोलन' को प्रयास बुझ्न सकिने कुरा हो । तर नेपालमा राजतन्त्र फर्कने सम्भावना छैन र त्यस ' आन्दोलन' प्रति जति धेरै प्रतिक्रिया देखाइए त्यो नै अस्वाभाविक थियो भनेर मैले पछिल्लो पटक कान्तिपुरको यही 'स्पेस' मा लेखेको

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा भएको इजरायली आक्रमणमा ४३ जनाको मृत्यु, शान्ति वार्ता स्थगित

*काठमाडौं,३० असार ।*

गाजाको पानी वितरण केन्द्रमा भएको इजरायली हवाई आक्रमणमा केही बच्चासहित ४० जनाभन्दा बढी प्यालेस्टिनीको ज्यान गएको गाजाको नागरिक सुरक्षा निकायले जनाएको छ । उक्त निकायका अनुसार इजरायल र हमासबीचको युद्धविरामको लागि वार्ता हाललाई रोकिएको छ । इजरायल र प्यालेस्टिनी लडाकु समूहका प्रतिनिधिमण्डलहरूले गाजा पट्टीमा २१ महिनादेखि चलेको युद्ध रोकी युद्धविराममा सहमतिका लागि एक हप्तादेखि वार्ता जारी राखेका थिए । नागरिक सुरक्षा निकायका प्रवक्ता महमुद बासलले पानी वितरण केन्द्रमा भएको ड्रोन आक्रमणमा १० जना पीडितमध्ये आठ जना बालबालिका रहेको उल्लेख गरेका छन् । इजरायली सेनाले मध्य गाजाको नुसिरात शरणार्थी शिविरमा एक आतंककारीलाई लक्षित गरी आक्रमण गर्दा 'प्राविधिक त्रुटि' भएको जनाउँदै 'हतियार लक्ष्यबाट दर्जनौं मिटर टाढा खसेको' बताएको छ । वासिङ्टन इजरायलको शीर्ष सहयोगी हो भन्दै राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामका लागि दबाब दिइरहेको र आफू सम्झौताको लागि आशावादी रहेको बताएका



छन् । इजरायली नागरिक सुरक्षा निकायका प्रवक्ता बासलले भने युद्ध अन्त्यको तत्काल कुनै सकेंत नभएको र आइतबार प्यालेस्टिनी क्षेत्रभरि भएको आक्रमणमा गाजा सहरमा ११ जनासहित कम्तीमा ४३ जनाको मृत्यु भएको बताएका छन् । हाल गाजाभरीसैन्य कारबाही तीव्र पारेको इजरायली सेनाले विगत २४ घण्टामा वायुसेनाले '१५० भन्दा बढी आतंककारी लक्ष्यहरूमा आक्रमण गरेको' बताएको छ । गाजाको स्वास्थ्य मन्त्रालयले अधिकांश नागरिकसहित कम्तिमा ५८ हजार २६ जना प्यालेस्टिनीहरू इजरायलको जबाफी अभियानमा मारिएको जनाएको छ । संयुक्त राष्ट्र सङ्घका निकायहरूले शनिबार इन्धनको अभाव 'गम्भीर स्तरमा' पुगेको र गाजाको २० लाखभन्दा बढी मानिसहरूको अवस्था थप बिग्रने खतरा रहेको चेतावनी दिएका छन् । इजरायल र हमासले एकअर्कालाई सम्झौता रोक्न खोजेको आरोप लगाएपछि शनिबार कतारको राजधानी दोहामा ६० दिने युद्धविराम र बन्धक मुक्तिका लागि वार्ता स्थगित भएको थियो । गतिरोधको बावजुद, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने 'आशा छ, हामी अर्को हप्तामा यसलाई सुधार्ने छौं ।' हमासले गाजाबाट इजरायली सेना पूर्ण रूपमा फिर्ता लिन चाहन्छ, तर वार्ताको जानकारी भएको प्यालेस्टिनी स्रोतले इजरायलले ४० प्रतिशतभन्दा बढी क्षेत्रमा सेना राख्ने योजना प्रस्तुत गरेको बताएको छ ।

## भारतमा आँप बोकेको लरी पल्टिँदा नौ जनाको मृत्यु

*काठमाडौं,३० असार ।*

दक्षिणी भारतीय राज्य आन्ध्र प्रदेशमा आँप बोकेको लरी पल्टिँदा कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै अन्य ११ जना घाइते भएको प्रहरीले सोमबार जनाएको छ । आन्ध्र प्रदेशको राजधानी अमरावतीबाट करिब ३८७ किलोमिटर दक्षिणपश्चिममा रहेको अन्नामया जिल्लाको पुल्लमपेटा क्षेत्रमा आइतबार राति दुर्घटना भएको हो । "करिब ४० टन आँप तथा २० जना कामदारहरू लोडको माथि बसेको लरीले नियन्त्रण गुमाइ दुर्घटना भएको एक प्रहरी अधिकारीले बताएका छन् । प्रहरीले लरी पल्टिएपछि आँपका टोकरीहरू मजदुरहरू माथि परेका कारण केहीको निधन




भएको र केही कामदार घाइते भएको जनाएको छ । दुर्घटनापछि स्थानीय र आपतकालीन कर्मचारीले घाइतेहरूलाई उद्धारका गरी अस्पताल पुऱ्याएको जनाएका छन् । प्रहरीले ओभरलोडिङ्गा कारण दुर्घटना भएको जनाएको छ भने दुर्घटनाबाट बाँचेका चालकले विपरीत दिशाबाट आउँदै गरेको कारमा ठोक्किनबाट बच्ने प्रयास गर्दा लरीले नियन्त्रण गुमाएको बताएका छन् ।

## चिनियाँ युवाहरुमा हृदयरोगको समस्या बढ्दै

*काठमाडौं,३० असार ।*

चिनियाँ युवाहरुमा हृदयरोगको समस्या बढ्दै गएको पाइएको छ । पछिल्लो समय चीनमा हृदयरोगका कारण २०, ३० र ४० वर्ष उमेर समूहका युवाको मृत्युदर बढिरहेको हो । हङकङ पोस्टका अनुसार विशेषगरी वृद्धवृद्धामा देखिने हृदयरोगका कारण युवाहरु नै पीडित हुन थालेपछि चिकित्सकहरु पनि चिन्तित बनेका छन् । गत अप्रिल महिनामा शिजियाझुवा ट्युमर अस्पतालमा कार्यरत हृदयरोग विशेषज्ञले पछिल्लो समय हृदयघात र मष्तिष्कघातका बिरामी बढ्दै गएको र त्यसमा पनि धेरै जना युवा रहेको खुलासा गरेका थिए । चिनियाँ भिडियो शेयरिङ साइट डोउयिनमा पोस्ट गर्दै उनले यस्तो बताएका थिए । हङकङ पोस्टका अनुसार अन्त्येष्टि सेवा प्रदायकहरु पनि युवाहरुको निधनबाट आश्चर्यमा परेका छन् ।

उनीहरुले प्रायः ८० र ९० को दशकमा जन्मेका व्यक्तिहरुको हृदयघातका कारण मृत्युदर बढ्दै गएको बताएका छन् । युवाहरुको मृत्युदर बढ्दै जाँदा त्यसले आर्थिक उत्पादकत्वमा नकारात्मक असर पार्नुका साथै जनसाङ्ख्यिकीय अस्थीरता पनि उत्पन्न गराउने चिन्ता बढेको छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको
कार्यालय, पर्सा

### स्थिर सत्ता, अस्थिर...............

थिए । त्यसक्रममा आफ्नो भारत भ्रमण हुने वा मोदी नेपाल आउने दुवै लक्षण नदेखिएपछि उनको रोजाइ चीन भ्रमण भएको थियो । उनी चीनसँगको बीआरआई फ्रेमवर्कमा हस्ताक्षर गरेर फर्के । यद्यपि, सम्झौताहरूको कार्यान्वयन अपेक्षाकृत नबढेको भनेर चीन नाखुस छ । एमालेभित्र पछिल्लो समय विकसित घटनाक्रमलाई कतिपयले चीनको भूमिकासँग जोडेर हेर्छन् । खासगरी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको एमालेको नेतृत्वमा आउने महत्त्वाकांक्षाको इन्धन उत्तरतिरैबाट भरिएको आशंका गरिन्छ । हालै केही साताअघि चीन भ्रमणबाट फर्केपछि भण्डारीले औपचारिक रूपमा राजनीतिमा फर्किएको घोषणा गरेकी थिइन् । साभार ईकान्तिपुर ।

### इतिहास-चेत नै नभए..........

थिएँ । आजको आलेखमा मैले हेर्न खोजेको नेपाली समाजका केही त्यस्ता पंक्तिहरूको समाजशास्त्र हो जो यसो हेर्दा आफ्नो पेसामा ठीकै गरेका देखिन्छन् । तिनीहरू गएका स्कुल-कलेज र पढाइ-लेखाइको स्तर पनि नेपाली मापदण्डअनुसार मध्यम नै छ । तर तार्किक रूपमा हेर्दा त्यति सपाट देखिने, दूर अतीतको नभई यति नजिकैको इतिहासको त्यति सरल तथ्य पनि बुझ्न नसकेर बरु राजतन्त्र नै ठीक थियो भन्ने तिनीहरूको चेतको स्रोत के होला ? तिनीहरूले अन्तरक्रिया गर्ने सामाजिक-पारिवारिक वृत्त कुन होलान् ? तिनका घर-भान्सामा बाबु-आमा, दिदी-भाइबीच कस्ता विषयमा छलफल हुन्छन् होला ? तिनीहरूले कस्ता र कसका किताब पढ्छन् होला ? तिनीहरूले कुन पडकास्ट सुन्छन् होला ? समकालीन नेपाली र खासगरी मैले माथि भनेका पंक्तिका 'महान् जनता' को इतिहास-चेत कसरी बन्ने रहेछ भन्ने मलाई अब राजनीतिकभन्दा पनि बौद्धिक उत्सुकताको विषय बन्न पुगेको छ । यसका लागि सानो पृष्ठभूमि सम्झनुपर्दा, दुई वर्ष पहिले सेतोपाटी डिजिटल पत्रिकाले 'नेपाल कति बन्यो, कति बिर्गियो ?' भन्ने 'थिम' मा एउटा शृंखला चलाएको थियो । त्यसमा मैले ' बौद्धिक इतिहासको कसीमा कहाँ छ नेपाल ?' भनेर ६ हजार शब्दमा यस विषयको सानोतिनो मूल्यांकन गरेको थिएँ । बौद्धिक इतिहास भन्नाले कोरा राजनीतिक घटनक्रमको मात्र नभई त्यस बेलाको ज्ञान-विज्ञान, संस्कृति, कला-साहित्य आदिको समग्रतालाई जनाउने हो । साभार ईकान्तिपुर ।

### पानीको संकटले ब्याकुल...

सियाले बताए ।अहिलेको कठिन परिस्थितिमा धैर्यता र संयमता अपनाउन सबैलाई आग्रह गर्दै उनले सबैको सहयोग र समन्वयले समस्या समाधानको विकल्प निकाल्न सकिने बताए । लामो समयको खडेरीका कारण आकाशे वर्षा नभएपछि चापाकलहरु सुकेपछि वीरगन्जमा खानेपानीको हाहाकार भएको छ । तत्कालका लागि राहत दिन खानेपानी मन्त्रालय र वीरगन्ज महानगरपालिकाले विभिन्न वडामा डीप बोरिङ गाड्ने काम गरिरहेको छ भने ट्यांकरमार्फत पानी ओसारेर टोलटोलमा वितरणपनि गर्दै आएको छ ।

### जिराभवानीमा भीषण..........

छन् । उनले तत्काल राहतस्वरूप चामल, दाल, नुन, तेललगायत अत्यावश्यक खाद्य सामग्रीहरू वितरण गर्दै पीडितहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । स्थानीय तह, प्रहरी प्रशासन र सामाजिक अगुवाहरूको सक्रियतामा राहत र पुनःस्थापनाका प्रयासहरू अघि बढाइएको छ । पीडित परिवारहरूको सहयोगका लागि थप राहत तथा सहयोगको आवश्यकता रहेको जनाइएको छ ।

### प्रतिपक्षी बहिष्कारका..........

सरकारले दुईपटक कार्यदल गठन गरे पनि मतभेदका कारण सहमति बन्न सकेन । अन्ततः सोमबार बिहान कार्यदल भंग गरिएको थियो । प्रतिपक्षी दलहरूले करिब तीन अर्ब रुपैयाँको आठ हजार योजना संसद् छल्दै बजेटमा समावेश गरिएको गम्भीर आरोप लगाएका छन् । बजेट प्रक्रियामाथि उठेका यी प्रश्नहरूले मधेश प्रदेश सरकारको पारदर्शिता र जवाफदेहितामा ठूलो प्रश्नचिन्ह खडा गरेको छ ।

### मधेशका तीन जिल्ला..........

पनि फेला परेको बताए । विभागले मापदण्ड उल्लंघन गर्ने पसलका सञ्चालकहरूलाई चेतावनी दिँदै थप कारबाहीका लागि विभागमा उपस्थित हुन निर्देशन दिएको छ । अनुगमन टोलीका निरीक्षक अमर शर्मासहित अनुगमन टोलीमा रवि कुमार चौधरी र मिता कुमारीको समेत सहभागिता थियो ।

### शैक्षिक मागसहित.............

का, उत्सव देवकोटा, रन्चिर विष्ट, एलेक्स सिंघानिया लगायत अन्य दर्जनौं विद्यार्थी नेता छन् । नेविसंघले जारी गरेको विज्ञप्तिमा प्रहरीले प्रदर्शनमाथि गरेको हस्तक्षेपको कडा विरोध गर्दै पक्राउ परेका सबैलाई बिनासर्त तत्काल रिहा गर्न माग गरिएको छ । नेविसंघ अध्यक्ष दुजाङ शेर्पाले यसलाई 'अत्यन्तै निन्दनीय कार्य' भनेका छन् ।

### बैंकिङ कसुरमा फरार.......

निजगढकै गाउँमा घुमफिर गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो ।चौलागाईंविरुद्ध काठमाडौं जिल्ला अदालत, बबरमहलबाट पक्राउ पुर्जी जारी गरिएको थियो । पक्राउपछि उनलाई सिमरा विमानस्थलमार्फत काठमाडौं लगेर प्रहरी परिसरमा बुझाइएको प्रहरीले जनाएको छ।प्रहरीका अनुसार, चौलागाईंमाथि ठूलो रकमको बैंकिङ कसुर सम्बन्धी मुद्दामा संलग्नता देखिएको छ । उनलाई आवश्यक कानुनी कारबाहीका लागि रहेको छ ।

# स्वास्थ्य

## बिस्तारै खाना खानुको फाइदा र विज्ञानको दृष्टिकोण



बिस्तारै र विचार पूर्वक खाना खानुले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । टिभी हेर्दै वा मोबाइल चलाउँदै खाना खानु सजिलो लाग्न सक्छ, तर विज्ञानले यसको नकारात्मक पक्षलाई उजागर गर्छ । खाना खानेको गति र तरिकाले पाचन, सन्तुष्टि, तौल व्यवस्थापन र समग्र स्वास्थ्यमा प्रभाव पार्छ । **पाचनमा सहजता** ब्राजिलको साउ पाउलो विश्वविद्यालयबाट प्रशिक्षित पोषणविद् लिभिया हेसेगावाले बताउँछिन्, 'बिस्तारै खाँदा खाना साना-साना टुक्रामा टुक्रिन्छ, जसले पाचनलाई सहज बनाउँछ । म मेरो बिरामीहरूलाई सधैं सम्झाउँछु कि, पेटमा दाँत हुँदैनन् । ठूला-ठूला टुक्रामा खाना पेटमा पुग्दा पाचन प्रक्रिया सुस्त र कम प्रभावकारी हुन्छ ।' उनका अनुसार खाना धेरै चपाउँदापाचनमा सहयोग गर्ने इन्जाइमको उत्पादन बढ्छ, जसले पोषक तत्वलाई शरीरमा राम्रोसँग अवशोषित गर्न मद्दत गर्छ । यदि खाना राम्रोसँग नचपाइयो भने, पेटले धेरै मेहनत गर्नुपर्छ, जसले पेट फुल्ने र पाचन सुस्त हुने समस्या देखिन सक्छ । 'यही कारणले कतिपय मानिसको खाना खाएको धेरै घण्टासम्म पेट फुलिरहन्छ र उनीहरूलाई आलस्य महसुस हुन्छ' हेसेगावाले भन्छिन् । खानालाई कति समय चपाउने भन्ने कुनै निश्चित समय हुँदैन । गन्तीमा ध्यान दिनुभन्दा खाना नरम र सजिलै पच्ने अवस्थामा पेटमा पुग्नु महत्त्वपूर्ण हुने विशेषज्ञहरू बताउँछन् ।खाना खाँदा ध्यान भट्काउने कुराहरू, जस्तै-: टिभी हेर्ने, मोबाइल चलाउने वा कुराकानी गर्ने आदि बानीले खाना चपाउने क्षमतामा नकारात्मक प्रभाव पार्छ । यसले गर्दा हतारमा खाना खाँदा शरीरमा धेरै हावा प्रवेश गर्छ, जसले पेट फुल्ने समस्या निम्त्याउँछ ।'

**तौल बढ्ने समस्या** न्यूयोर्कको कर्नेल विश्वविद्यालयकी पोषण विज्ञान विभागकी निर्देशक सेंडर कर्स्टन भन्छिन्, 'हत्तारमा खाना खाँदा धेरै ऊर्जा खर्च हुन्छ, जसले प्रतिमिनेट धेरै क्यालोरी खपत गर्छ । अनुसन्धानले देखाउँछ कि, छिटो खाँदा सजिलै धेरै खाना खाइन्छ ।' 'बिस्तारै खाँदा खाना मुखमा लामो समय रहन्छ, जसले पाचन प्रक्रियालाई सुरु गर्न आवश्यक हर्मोनहरूको उत्पादनलाई प्रोत्साहन गर्छ' सेंडर कर्स्टन भन्छिन्, 'पेट भरिएको संकेत दिने हर्मोन रिलिज गर्न दिमागलाई केही समय लाग्छ ।' भेट भरिएको संकेत दिन पनि समय लाग्न हुनाले छिटो खानेहरूले आवश्यकता भन्दा धेरै खाना खाने उनको भनाइ छ । यसको परिणामस्वरूप, धेरै क्यालोरी लिइन्छ, जुन शरीरमा बोसोको रूपमा जम्मा हुन्छ । **स्वास्थ्यमा जोखिम** हत्तारमा खाना खाँदा एसिड रिफ्लक्स र ग्यास्ट्राइटिस जस्ता पाचन समस्याहरू झन् खराब हुन सक्छन् ।

# ५ वर्षको स्थिर सरकार पाए मुलुक रूपान्तरण गर्न सक्छौं :प्रचण्ड

**काठमाडौं,३० असार ।**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादी नेतृत्वले मुलुकमा ऐतिहासिक परिवर्तनहरू ल्याएको र भविष्यको स्पष्ट दिशा कोर्न सक्ने क्षमता पनि माओवादीसँग मात्रै रहेको दाबी गरेका छन् । सोमबार प्रतिनिधिसभामा सम्बोधन गर्दै अध्यक्ष दाहालले गणतन्त्र स्थापनादेखि ऊर्जा संकटको अन्त्यसम्मका उपलब्धिहरू माओवादी नेतृत्वले नै सम्भव बनाएको उल्लेख गर्दै भने, "हामी इतिहास बनाउने मात्र होइन, भविष्य कोर्ने हिम्मत पनि बोकेर आएका छौं ।"उनले संविधान कार्यान्वयनको प्रक्रिया अझै अधुरो रहेको भन्दै संशोधनको खाँचो औंल्याए । दाहालले संविधानको शासकीय स्वरूप, निर्वाचन प्रणाली, समावेशिता, सामाजिक न्याय, प्रदेश सीमांकन, नाम, र वित्तीय संघीयताजस्ता विषयमा दोहोरो बहस आवश्यक भएको बताए । "यदि सरकारसँग हिम्मत छ भने प्रमुख प्रतिपक्षको नाताले दुईतिहाई बहुमत जुटाउने जिम्मेवारी म लिन्छु," उनले भने ।



दाहालले गणतन्त्रको भविष्यमाथि खतरा सरकारकै कार्यशैलीबाट आएको आरोप लगाए । "गणतन्त्रलाई अहिले कुनै बाह्य शक्तिबाट होइन, सरकारको दम्भपूर्ण, जनउत्तरदायी नभएको शैलीबाट खतरा छ," उनले चेतावनी दिए, "संख्याको दम्भमा लोकतन्त्र कमजोर पार्ने हो भने जनताको धैर्यको सीमा समाप्त हुनेछ ।"अध्यक्ष दाहालले पाँच वर्षको स्थिर सरकार पाए मुलुकको रूपान्तरण सम्भव हुने दाबी गर्दै मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, उत्तर-दक्षिण करिडोर, विशेष आर्थिक क्षेत्र र लोडसेडिङ अन्त्यजस्ता योजनाहरू माओवादी नेतृत्वमै भएका निर्णय भएको स्मरण गराए ।

# मधेशमा पानीको चरम अभाव पूर्वमन्त्री सिंहले सरकारसँग मागे जवाफ

**जनकपुर,३० असार ।**

मधेश प्रदेशका विभिन्न जिल्लामा खानेपानीको चरम अभाव हुँदा पनि प्रदेश सरकार मौन बसेको भन्दै सत्तारुढ दल नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति तथा पूर्वमन्त्री वीरेन्द्र प्रसाद सिंहले गम्भीर प्रश्न उठाएका छन् । सोमबार बसेको प्रदेश सभा बैठकमा बोल्दै सांसद सिंहले मधेश सरकारले सुख्खा ग्रस्त क्षेत्र घोषणा गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन नभएको भन्दै आपत्ति जनाए । सिंहले भने, 'म मधेश सरकारलाई सोध्न चाहन्छु, अहिले पानीको हाहाकार छ । मैले पर्साको वीरगन्ज, बाराका विभिन्न गाउँठाउँमा जाँदा आम जनता पानीबिना तड्पिरहेका छन् । सरकारले दुई-तीन दिनअघि मधेश प्रदेशलाई सुख्खा प्रदेश घोषणा गरेको थियो, तर कागजमा



घोषणा गरेर मधेशका जनताले पानी खान्छन् ? आम किसानले खेतमा पानी पाउँछन्, सभामुख महोदय ?' सांसद सिंहले मधेश प्रदेश सरकारले सुख्खा ग्रस्त क्षेत्र घोषणा गरेको चार दिन बितिसक्दा पनि जनताका लागि कुनै ठोस कार्यक्रम अगाडि नबढाएकोमा आक्रोश व्यक्त गरे । उनले सभामुखमार्फत मुख्यमन्त्री सतीश कुमार सिंहको ध्यानाकर्षण गराउँदै तत्काल कृषि क्षेत्रमा देखिएको पानीको समस्या समाधान गर्न ठोस कार्यक्रम ल्याउन माग गरे । सिंहले 'तराई मधेशमा पानीको हाहाकार हुँदा समेत सरकार किन अन्धो भयो ?' भन्दै सरकारको कार्यशैलीप्रति गम्भीर औचित्यको प्रश्न खडा भएको बताएका छन् ।

# एमाले सांसद साहद्वारा घुस प्रकरणमा मन्त्री गुप्ताको बर्खास्ती माग

**काठमाडौं,३० असार ।**

नेकपा एमालेका सांसद किरणकुमार साहले सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालाई तत्काल बर्खास्त गरी निष्पक्ष छानबिन गर्न माग गरेका छन् । सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद साहले मन्त्री गुप्ताको घुस डिल गरेको अडियो सार्वजनिक भइसकेको अवस्थामा पनि सरकार मौन रहेको भन्दै आक्रोश व्यक्त गरे । "सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताजीले घुस डिल गरेको अडियो सार्वजनिक भइसकेको अवस्थामा सरकार किन मौन छ?" सांसद साहले प्रश्न गरे, "दुनियाँले सुनेको अडियो सरकारले नसुनेको झैं गर्नु लोकतन्त्रको अपमान हो ।" उनले सदनमार्फत मन्त्री गुप्तालाई बर्खास्त गरी निष्पक्ष छानबिन गर्न माग गरे । मन्त्री गुप्तामाथि हालै कास्कीस्थित मालपोत कार्यालयका प्रमुखको सरुवा रोक्न र पोखराको जग्गा विवाद मिलाउन ५३ लाख रुपैयाँ घुस लिएको आरोप लागेको छ । उक्त घुस डिलको अडियो सार्वजनिक भएपछि उनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी समेत परेको छ । यस प्रकरणले सरकारको सुशासन र पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ ।

# बैंकिङ कसुरमा फरार एक करोड ३२ लाखको अभियुक्त पक्राउ

**बीरगन्ज,३० असार ।**

बारा प्रहरीले एक करोड ३२ लाख रुपैयाँको बैंकिङ कसुर अभियोगमा फरार रहँदै आएका एक प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्ने व्यक्ति निजगढ नगरपालिका-१, सिंगौल निवासी ४३ वर्षीय भरत चौलागाई रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सूचना अधिकारी प्रहरी नायब निरीक्षक खेमप्रसाद नेपालद्वारा आइतबार जारी विज्ञप्तिमा जनाइएअनुसार, इलाका प्रहरी कार्यालय निजगढबाट प्रहरी निरीक्षक जीवन लामिछानेको नेतृत्वमा खटिएको टोलीले गोप्य सूचनाका आधारमा चौलागाईंलाई

बाँकी तेश्रो पृष्ठमा⇨

# वर्षा नपरेपछि धान रोपेका खेत सुक्न थाले, किसान चिन्तित

**जनकपुर,३० असार ।**



समयमै वर्षा नहुँदा यहाँका किसानले रोपेको धानको रोपो नै सुक्न थालेको छ । आकाशे पानीको भरमा रहेका बराहक्षेत्र नगरपालिका-६ श्रीलङ्का टापु चिलैया र गरैया क्षेत्रका किसानले रोपेको धानको रोपो नै सुक्न थालेको छ । स्थानीय कृषक सन्तोष चन्द्रवंशीले भने, 'यो वर्ष पानी पर्ने आशा त थियो, तर चाहिएको बेला पानी परेन । हामी आकाश हेरेर बसेका छौं, धानको रोपो सुक्न थालेको छ ।' उनकाअनुसार विद्युत् आपूर्तिसबै क्षेत्रमा नपुगेकाले पम्पसेट मार्फत सिँचाइ गर्न सकिएको छैन । वराहक्षेत्र नगरपालिकाले श्रीलङ्का टापुका किसानलाई ४३ थान विद्युतीय मोटर, ६० थान डेलिभरी पाइप र १५५ थान त्रिपाल अनुदानमा वितरण गरेको छ । रामधुनी नगरपालिकाका किसान रामभुवन रायले आफूले दुई बिघाहमा रोपाइँ गर्दै आएकोमा अहिलेसम्म आधा खेतमा पनि रोपाइँ गर्न नसकेको बताए । वर्षामा भर पर्ने उनीहरुजस्ता किसानलाई यही अवस्था रहिरहेमा धान बाली नै गुम्ने खतरा रहेको उहाँको भनाइ छ । कोशी गाउँपालिका-७ की किसान सरस्वती मियाँले जेठमै ब्याड तयार पारे पनि पानी नपरेपछि सुक्न थालेको बताए । धरान उपमहानगरपालिका-६ का किसान बुद्धिमान तामाङका अनुसार कुलोमा पानी नआएपछि रोपाइँ गर्न सकिएको छैन । 'पोहोर साल यही समयसम्म रोपाइँ सकिएको थियो, तर यसपालि तीन भागमा एक भाग पनि रोपाइँ सकिएको छैन', तामाङले भने । सुनसरीमा हाल ४८ हजार ९ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुँदै आएको छ । कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख निल कमल सिंहका अनुसार, गत वर्ष असारको अन्त्यसम्म जिल्लामा करिब ५० प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । तर यस वर्ष सोही अवधिमा ३२ प्रतिशत मात्र रोपाइ भएको छ । किसानले समयमै सिँचाइको व्यवस्थाका साथै मल, बिउ र अन्य कृषि उपकरणमा अनुदान माग गरिरहेका छन् । केही किसानले निजी स्रोतबाट सिँचाइको व्यवस्था मिलाउने प्रयास गरे पनि सबैका लागि त्यो सम्भव नहुने भन्दै सरकारी तहबाट राहतको माग गरेका हुन् । देशभर हालसम्म करिब ५९ प्रतिशत धान रोपाइँ भएको छ । कृषि विकास मन्त्रालयका अनुसार यही असार २९ गतेसम्म आठ लाख १६ हजार ४०५ हेक्टर जमिनमा रोपाइँ भएको हो । गत वर्षको तुलनामा करिब ८ प्रतिशतले रोपाइँमा कमि आएको हो । प्रतिशतका हिसाबले सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा करिब एक लाख ६४ हजार हेक्टरमा रोपाइँ भएको छ । उक्त प्रदेशमा ९३ प्रतिशत रोपाइँ भएको जनाइएको छ । कर्णाली प्रदेशमा ६४ हजार हेक्टरमा रोपाइँ सकिएको छ । यहाँ ८३ प्रतिशत रोपाइँ भएको छ । लुम्बिनी प्रदेशमा दुई लाख २३ हजार हेक्टरमा रोपाइँ सम्पन्न भएको छभने प्रतिशतका हिसाबले ७३ प्रतिशत रोपाइँ भएको हो । गत वर्ष सोही अवधिमा करिब ६७ प्रतिशत धान रोपाइँ भएको थियो । मन्त्रालयले आइतबारसम्म सङ्कलन गरेको तथ्याङ्कअनुसार देशका केही भागमा रोपाइँ जारी छ । आगामी साउनको अन्तिम सातासम्म ९८ प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र राम्रो मानिन्छ । त्यस क्षेत्रबाट धानको उत्पादकत्वसमेतमा वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान छ । पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार २३४ मेट्रिकटन धान उत्पादन भएको थियो । मौसमको प्रतिकूलता, दैवी प्रकोप, अतिवृष्टि तथा अनावृष्टिले रोपाइँमा नकारात्मक प्रभाव परी कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ । मुलुकमा करिब १४ लाख हेक्टर जमिनमा रोपाइँ हुन्छ । पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि तथा उन्नत जातका बीउबिजनको विकासका कारण उत्पादन वृद्धि हुने अनुमान छ । धान उत्पादनमा करिब १० प्रतिशतले घटबढ भएमा मुलुकको कूल गार्हस्थ्य उत्पादनमा एक प्रतिशतले घटबढ हुने जनाइएको छ । यसवर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल बन्ने मन्त्रालयको भनाइ छ ।

# घुस काण्डमा मुछिएका मन्त्रीलाई तत्काल बर्खास्त गर्न गगन थापाको माग

**काठमाडौं,३० असार ।**

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालाई तत्काल बर्खास्त गर्न प्रधानमन्त्रीसमक्ष आग्रह गरेका छन् । मन्त्री गुप्ताको घुस काण्डको अडियो सार्वजनिक भएपछि थापाले यस्तो माग गरेका हुन् । थापाका अनुसार, यदि बहालवाला मन्त्रीले गल्ती नगरेको भए तुरुन्त राजीनामा दिएर आफ्नो छानबिनका लागि तयार हुनुपर्थ्यो । **'प्रधानमन्त्रीले तत्काल बर्खास्त गर्नुपर्छ'** सोमबार काठमाडौंमा कांग्रेसको बुद्धिजीवी विभागले आयोजना गरेको एक कार्यक्रममा बोल्दै महामन्त्री थापाले भने, 'आफूले गल्ती गरेको होइन भन्ने आँट पनि छैन । प्रधानमन्त्रीले तुरुन्त मन्त्रीलाई बर्खास्त गरिहाल्नुहोला भन्ने मेरो अपेक्षा थियो । यसबारेमा टिप्पणी नै गर्नुपर्दैन होला भन्ने लागेको थियो ।' उनले थपे, 'तर टिप्पणी गर्नुपर्ने अवस्था आयो । प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्छु । तपाईंले तत्काल तपाईंको मन्त्रीलाई बर्खास्त गर्नुस् ।' **'दूधको दूध, पानीको पानी हुनुपर्छ'** थापाले मन्त्रीलाई बर्खास्त गरेर मात्र नपुग्ने बताए । उनले यस प्रकरणको गहिरो छानबिनको माग गरे । 'यतिको कुरा आइसके पछाडि यसको दूधको दूध, पानीको पानी हुनुपर्छ । यसको छानबिन हुनुपर्छ,' थापाले जोड दिए । उनले यसमा संलग्न अन्य व्यक्तिहरूको पनि अनुसन्धान हुनुपर्ने बताए । 'संलग्न भएका अरू को-को छन्? कोही छन् भने कसैको बारेमा अहिले टिकाटिप्पणी गर्ने कुरा हतारो हुन्छ । तर, अनुसन्धान गर्दै गर्दा कहींकतै कोही दोषी देखिन्छन् भने उसलाई कारबाही हुनुपर्छ ।'

# शैक्षिक मागसहित प्रदर्शनमा उत्रिएका नेविसंघका दर्जनौं नेता पक्राउ

**बीरगन्ज,३० असार ।**

काठमाडौंस्थित नेपाल कमर्श क्याम्पसअगाडि शैक्षिक मागसहित शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका नेपाल विद्यार्थी संघ (नेविसंघ) का दर्जनौं नेता तथा कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ । प्रदर्शनमा सहभागी विद्यार्थीहरूले विद्यालय शिक्षा ऐन तत्काल जारी गर्नुपर्ने, सिनेट बैठकमा विद्यार्थीको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने र शिक्षक नियुक्ति पूर्ण रूपमा खुला प्रतिस्पर्धाबाट हुनुपर्ने माग उठाएका थिए । प्रहरीले हस्तक्षेप गर्दै धरपकड गर्दा नेविसंघका केन्द्रीय सदस्यदेखि विभिन्न क्याम्पस इकाईका अध्यक्षसम्म पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमध्ये सरोज तिमिल्सिना, श्यामराज ओझा, अनसुल केसी, सुशील खड्का, पृथ्वीजंग थापा, महेन्द्र खड्

बाँकी तेश्रो पृष्ठमा⇨

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

करैयामाई गाँउपालिकाको कार्यालय,बारा